**प्रस्ताव नं.** ३ आ.व. २०७७।०७८ को विनियोजन विधेयक स्विकृति गर्ने सम्बन्धमा ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०७७।०७८ को विनियोजन विधेयक स्विकृतका लागी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

# कालिकामाईगाउँपालिका

## विनीयोजन ऐन, २०७७

*कार्यपालिकाबाट स्वीकृत मिति : –*

## कालिकामाई गाउँपालिका

## **हरिहरपुरबिर्ता**, पर्सा

*गाउँ सभाबाटअनुमोदनभएको मिति : –* **२०७७।०४।२९** *गते*

## कालिकामाई  गाउँपालिकाको विनियोजन **विधेयक**, २०७७

**कालिकामाई गाउँपालिकाको आर्थिक वर्ष २०७७।२०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन**

**प्रस्तावना** : कालिकामाई गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) कालिकामाई गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "कालिकामाई गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :

क) "गाउँ सभा" भन्नाले कालिकामाई गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले कालिकामाई गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति" भन्नाले कालिकामाई गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "बिषयगत शाखा" भन्नाले कालिकामाई गाउँपालिका अन्तर्गतको महाशाखा, शाखा,आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ.) "संञ्चितकोष" भन्नाले कालिकामाई गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

**३.आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तीयव्यवस्थाको रकम समेत गरी जम्मारकम रु. ४०२५५१०००।-(अक्षेरुपी रु.चालिस करोड पचिस लाख एकाउन हजार मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिने छ । साथै उक्त रकमवाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थपप्राप्तहुने रकमलाई संचितकोषमाआम्दानीगर्न र तोकिएबमोजिमकाशीर्षकमाखर्च गर्न सकिने छ ।

४. विनियोजनः (१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७७।०७८ को निमित्तकालिकामाई गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको लागिविनियोजन गरिने छ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र

कुनैमाअपुगहुने देखिन आएमा कालिकामाई गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्च तर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमागाउँ सभाको स्वीकृतिलिनु पर्नेछ।

अनुसूचि-१
(दफा२ संग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम
संञ्चितकोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ/नगरकार्यपालिका | २२,८४,००,०००।- | १७,४१,५१,०००।- | | |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगतशाखा | | | | |
| ४ | | ऋणको सावाव्याजभुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | **कुल जम्मा** | | | | |